NEPALI

नोभेम्बर 04, 2024

# Lakeside High की सिनियर पोसाक संहिता सुधारकबाट राज्य सल्लाहकार बनेकी छिन्

नोभेम्बर मा 2024-2025 को पहिलो राज्य विद्यार्थी सल्लाहकार परिषद् भेला आयोजना भएपछि, Lakeside High School का सिनियर Anna Katz Georgia मा शिक्षाको भविष्यलाई आकार दिने आवाजहरू मध्ये एक हुनेछन् । राज्य स्तरीय विद्यालय सुपरिटेन्डेन्ट Richard Woods द्वारा 74 विद्यार्थीहरू मध्येबाट छनौट भएका एक मात्र विद्यार्थीको रूपमा, Anna ले यस वर्ष परिषद्मा आफ्नो विद्यालयको मात्र नभइ सम्पूर्ण DeKalb County School District (*DCSD*) को प्रतिनिधित्व गर्ने छिन् ।

“म अत्यन्तै उत्साहित थिए,” Anna ले आफ्नो नियुक्तिको बारेमा थापा पाएको समयको बारेमा सम्झँदै भनिन् । "मैले तत्कालै बैठकहरूमा आफूले ल्याउन चाहेको विषयहरू बारेमा सोच्न थालेँ ।"

Anna ले सोफोमोर वर्षका दौरान DCSD को पोसाक संहिता नीतिको बारेमा प्रतिक्रिया प्रदान गरेकी थिइन् । र त्यति बेला देखि उनमा वकालत तर्फ उत्साह जाग्न थालेको थियो । विद्यमान नियमले आधुनिक सामाजिकको मापदण्डलाई प्रतिबिम्बित गर्दैनन् भन्ने कुरा बुझेर, उनले आफ्नो मुख खोलेकी थिइन् - कल्याण तर्फ ध्यान केन्द्रित गर्दै विद्यार्थी व्यक्तित्वलाई राम्रोसँग सम्मान गर्ने गरी डिस्ट्रिक्टलाई नीति परिमार्जन गर्न लगाउने कदममा महत्त्वपूर्ण भूमिका खेलेकी थिइन् ।

“उक्त अनुभवले मलाई निर्णय-निर्माताहरूको पहुँच कत्तिको प्रभावकारी हुन्छ भन्ने महसुस गराएको छ,” Anna ले भनिन् । “जिम्मेवार व्यक्तिसँग प्रत्यक्ष रूपमा कुराकानी गर्न सकेको समयमा परिवर्तनको लागि वकालत गर्न धेरै सजिलो हुन्छ । विद्यार्थी सल्लाहकार परिषदमा सामेल हुने कुरा राज्य स्तरमा विद्यार्थी आवाजहरूको प्रतिनिधित्व गर्ने उत्तम अवसर हो जस्तो देखिन्थ्यो ।”

सुपरिटेन्डेन्ट Woods ले परिषदका नयाँ सदस्यहरूको बारेमा उत्साह व्यक्त गरे ।

“यी युवा नेताहरूले Georgia को भविष्यको प्रतिनिधित्व गर्छन्, र हामीले हाम्रो राज्यको शिक्षालाई आकार दिँदै गर्दा उनीहरूको आवाज महत्त्वपूर्ण छ,” सुपरिटेन्डेन्ट Woods ले भने । "प्रत्येक विद्यार्थीले सफल हुने अवसर प्राप्त गर्छन् भनेर सुनिश्चित गर्न हामी सँगै मिलेर काम गर्दै गर्दा, म उनीहरूको विचार, अन्तर्दृष्टि र दृष्टिकोण सुन्न उत्सुक छु ।"

Georgia Department of Education ले बनाएको राज्य विद्यार्थी सल्लाहकार परिषदले विद्यार्थी नीति निर्माणमा सहभागी गराउँछ । परिषदले राज्यभरका विभिन्न विद्यार्थीहरूलाई एकजुट बनाउँदै शैक्षिक नीतिले उनीहरूका अनुभवहरू प्रतिबिम्बित गर्छ भनेर सुनिश्चित गर्दछ । नेतृत्व, सामुदायिक सेवा, र शैक्षिक उपलब्धिहरूको आधारमा सदस्यहरू चयन गरिन्छ।

परिषदले विद्यार्थी र राज्यका शिक्षा अधिकारीहरू बीच महत्त्वपूर्ण पुलको रूपमा काम गर्दछ। वर्षभरि, सदस्यहरूले राज्यका नीतिहरूमा अन्तर्दृष्टि प्रदान गर्छन्, मुख्य शैक्षिक मुद्दाहरूको बारेमा छलफल गर्छन्, उनीहरूको विद्यालयको प्रतिनिधित्व गर्छन्, र Georgia भरि सामुदायिक सेवा परियोजनाहरूमा सहभागी हुन्छन् ।

DCSD को एकमात्र प्रतिनिधि र मेट्रो एटलान्टाका केही विद्यार्थीहरू मध्येका एक प्रतिनिधिको रूपमा, Anna लाई आफूले प्रतिनिधित्व गरेको विविध विद्यार्थी जनसंख्याको बारेमा राम्रोसँग ज्ञान छ र उनी विभिन्न दृष्टिकोणहरू विस्तार गर्न प्रतिबद्ध छिन्।

"म एक महिला विद्यार्थी र यहूदी हुँ, त्यसैले म ती अनुभवहरू बारेमा अरूलाई सुनाउन चाहन्छु," उनले भनिन् । "तर मैले हिस्पानिक, अश्वेत, वा पुरुष विद्यार्थीहरूको अनुभवलाई पूर्ण रूपमा बुझेको छैन, म यो कुरा स्वीकार गर्छु । यसले मलाई सक्रिय रूपमा सुन्न र हाम्रा बैठकहरूमा उनीहरूका समस्याहरूलाई अगाडि ल्याउन चुनौती दिन्छ । ”

Anna ले सम्बोधन गर्ने योजना बनाएको मुख्य विषयहरू मध्येको एउटा विषय भनेको विद्यालयमा भइरहेको अनुशासनात्मक असमानता हो । Georgia Tech मा दोहोरो रूपमा भर्ना भएकी विद्यार्थीको रूपमा, उनी Atlanta Public Schools मा भइरहेको अनुशासनात्मक असमानतामा केन्द्रित सार्वजनिक नीति कक्षा परियोजना मार्फत यस विषयमा गहिरो खोज गरिरहेकी छिन् । विद्यालय समितिका सदस्यसँग साझेदारी गर्दै, उनले अश्वेत विद्यार्थीहरूलाई श्वेत समकक्षीहरूको तुलनामा कसरी असमान रूपमा उच्च दरमा अनुशासनको कारबाही गरिन्छ भनेर जाँच गरिरहेकी छिन् ।

"मैले परिषदमा बसेर काम गर्न चाहेको पहिलो काम भनेको ती अनुशासन असमानताहरूलाई कसरी कम गर्ने भन्ने र सबै विद्यार्थीहरू विद्यालयमा हुन्छन् भनेर सुनिश्चित गर्ने छ," Anna ले भनिन् । "र विद्यालयको अनुशासनसम्बन्धी कारबाहीका कारण विद्यालय छाड्ने विद्यार्थीको दरलाई सम्बोधन गर्नु हो ।"

उनको वकालतका प्रयासहरू बाहेक, Anna आफ्नो विद्यालय समुदाय भित्रको एक सक्रिय नेतृत्व हुन् । उनी यहूदी विद्यार्थी संघको अध्यक्ष र अभ्यास परीक्षा समूहको सह-अध्यक्षको रूपमा सेवा प्रदान गर्छिन् । नागरिक अधिकार वकिल बन्ने आकांक्षाका साथ, उनी परिषदको आफ्नो भूमिकालाई समाजमा वृहत् प्रभाव बनाउने प्रारम्भिक प्रयासको रूपमा हेर्छिन्।

“मैले DeKalb का सबै विद्यार्थीहरूको प्रतिनिधित्व गर्ने आशा गरेको छु,” उनीले भनिन् । "मैले हामीलाई न्याय गर्ने र सबैलाई फाइदा हुने सकारात्मक परिवर्तनहरू ल्याउने आशा गरेको छु ।"

XXX